# ज्येष्ठ नागरिक परिचय-पत्र वितरण निर्देशिका, २०७६

कार्यपालिकाबाट स्वीकृत मितिः २०७६।३।६

**१. परिचयः**

ज्येष्ठ नागरिकहरुलाई संरक्षण र सामाजिक सुरक्षा प्रदान गर्न तथा निजहरुमा रहेको ज्ञान, सिप, क्षमता र अनभवको सदुपयोग गरी निजहरु प्रति श्रद्धा आदर तथा सद्भाव अभिवृद्धि गर्न साथै राज्यद्वारा तोकिएको सेवा एवम् सुविधाको उचित व्यवस्थापन गरी नेपालको संविधानको अनुसुचि-८ को क्र.स.१६ बमोजिमको कार्य गर्न ज्येष्ठ नागरीक परिचय पत्र वितरण निर्देशिका, २०७६ माङसेबुङ गाउँपालिकाको प्रशासकीय कार्यबिधि नियमित गर्ने ऐन नियमित गर्ने ऐन २०७५ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी गाउँ कार्यपालिकाको बैठकबाट स्वीकृत गरी जारी गरिएको छ ।

**२. परिचय-पत्र वितरणका आधारः**

नेपालको संविधानको धारा ४१ मा उल्लेख भए बमोजिम ज्येष्ठ नागरिकको हक, ज्येष्ठ नागरिक सम्बन्धी नियमावली २०६५ को नियम १५ अनुसार ज्येष्ठ नागरिकहरुलाई परिचय-पत्र दिने व्यवस्था लगायत ज्येष्ठ नागरिक परिचय-पत्र वितरणका आधार हुनेछन् ।

**३. उद्देश्यः**

क) ज्येष्ठ नागरिकहरुको पहिचान गर्ने र स्थानीय तह देखि नै ज्येष्ठ नागरिकहरुको लगत राख्ने ।

ख) नेपालको संविधान अनुसार प्रदत्त ज्येष्ठ नागरिकहरको हक अधिकार सुनिश्चित गर्न र ज्येष्ठ नागरिकको वर्गीकरण अनुसार सार्वजनिक सवारी साधन, सार्वजनिक कार्य, स्वास्थ्य सेवा, धार्मिक तथा सार्वजनिक स्थलमा ज्येष्ठ नागरिकलाई आवश्यक सेवा, सुविधा र सहयोग सरल रुपमा प्रदान गर्ने ।

ग) प्रचलित ऐन, नियमअनुसार ज्येष्ठ नागरिकहरुलाई सामाजिक सुरक्षा, न्याय, अधिकार र समानता प्रदान गरी निजहरुमा रहेको ज्ञान, सिप, क्षमता र अनुभवको सदुपयोग गरी विकास प्रकृयामा सहभागि गराउने ।

**४. लक्षित वर्गः**

ज्येष्ठ नागरिक सम्बन्धी ऐन, २०६३ ले पारिभाषित गरे अनुसारका साठी वर्ष उमेर पुरा गरेका सबै नेपाली नागरिकहरु ।

**५. ज्येष्ठ नागरिकको वर्गीकरणः**

ज्येष्ठ नागरिक सम्बन्धी नियमावली २०६५ को नियम १४ को उपनियम (१) बमोजिम ज्येष्ठ नागरिकहरुको वर्गीकरण देहाय बमोजिम गरिएको छ ।

क) सत्तरी वर्ष उमेर पूरा नगरेको ज्येष्ठ नागरिक

ख) सत्तरी वर्ष उमेर पूरा गरेको वरिष्ठ ज्येष्ठ नागरिक

ग) असहाय ज्येष्ठ नागरिक

घ) अशत्त ज्येष्ठ नागरिक

**६. परिचय-पत्र वितरणका मापदण्डः**

ज्येष्ठ नागरिक सम्बन्धी नियमावली २०६५ को नियम १५ बमोजिम साठी वर्ष उमेर पुगेका नेपाली नागरिकहरुलाई मात्र ज्येष्ठ नागरिक परिचय-पत्र प्रदान गर्न सकिनेछ ।

**७. ज्येष्ठ नागरिक परिचय-पत्रको ढाँचाः**

ज्येष्ठ नागरिक सम्बन्धी नियमावली २०६५ को अनुसूची ३ बमोजिमको ढाँचालाई नै आधार मानी ज्येष्ठ नागरिक परिचय-पत्रको ढाँचा यस निर्देशिकाको अनुसूचि १ बमोजिम हुनेछ । ज्येष्ठ नागरिक परिचय-पत्रको आकार नेपाली नागरिताको प्रमाण-पत्रको आकार बराबरको हुनेछ ।

**८. परिचय -पत्र वितरण प्रकृयाः**

(क) ज्येष्ठ नागरिक परिचय-पत्र प्राप्त गर्न साठी वर्ष उमेर पुगेको ज्येष्ठ नागरिक स्वयम् वा निजको संरक्षकले सम्बन्धीत स्थानीय तह समक्ष अनुसुची २ बमोजिमको ढाँचामा निवेदन दिनुपर्नेछ ।

(ख) निवेदनमा आफ्नो उमेर खुलेको नागरिकताको प्रमाण-पत्रको प्रतिलिपि र दुई प्रति अटो साइजको फोटो संलग्न हुनुपर्नेछ । यस प्रयोजनको लागि नागरिकताको प्रमाण-पत्रलाई आधार मानिनेछ ।

(ग) ज्येष्ठ नागरिक परिचय-पत्र प्रदान गर्ने अधिकार स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको कर्मचारीको हुनेछ ।

(घ) परिचय-पत्र प्राप्त ज्येष्ठ नागरिकहरुको लगत अनुसुची ३ बमोजिम तथा सफ्टवेयरमा कम्प्यूटराइज गरी गाउँपालिको कार्यालयमा राखी वार्षिक रुपमा प्रदेश र संघको सम्बन्धीत मन्त्रालयमा जानकारी गराउनु पर्नेछ ।

(ङ) ज्येष्ठ नागरिक परिचय-पत्रको प्रतिलिपि लिन सम्बन्धीत प्रहरी कार्यालयको सिफारिस वडाको सिफारिस सहित सम्बन्धीत स्थानीय तहमा निवेदन पेश गर्नुपर्ने छ ।

**९. विविधः**

(क) ज्येष्ठ नागरिक परिचय-पत्र वितरणका लागि सम्बन्धीत स्थानीय तहले आफ्नो कार्यविधि आफैं निर्धारण गर्नेछ ।

(ख) ज्येष्ठ नागरिक परिचय-पत्र वितरण सम्बन्धि माथि उल्लिखित व्यवस्था बाहेकका अन्य बिषयहरु प्रचलित कानून बमोजिम हुनेछ ।

अनुसूची -१

(बुंदा नं. ७ संग सम्बन्धित)

## माङसेबुङ गाउंपालिका

गाउं कार्यपालिकाको कार्यालय, इभाङ इलाम

## ज्येष्ठ नागरिक परिचय-पत्रको ढाँचा

### ज्येष्ठ नागरिक परिचय-पत्र

प.प.नं.

नाम थर.-ः.........................................................................

ना.प्र.नं.ः-............................................................

ठेगानाः जिल्लाः-................................गा.पाः-................................

वडा नंः-..........................................टोल/गाउँः-............................

उमेरः-............................................लिङ्गः-..................................

उपलब्ध छुट तथा सुविधाहरुः-...........................................................................

पति / पत्नीः-................................................................

हेरचार केन्द्रमा बसेको भए सोको विवरणः-.................................................................

सरक्षकका नाम थरः-................................................

सम्पर्क नंः-................................................

ठेगानाः-..................................................

रत्त समुहः-..........................

रोग भए रोगको नाम र सेवन गरिएको औषधिको नामः.......................................

प्रमाणित गर्ने अधिकृतकोः

दस्तखतः

नाम थरः

पदः

अनुसुची २

(निर्देशिकाको बुंदा नं ८ (क) संग सम्बन्धित)

निवेदनको ढाँचा

श्री माङसेबुङ गाउँपालिका मितिः

गाउँ कार्यपालिकाको कार्यालय, इभाङ इलाम ।

बिषयः जेष्ठ नागरीक परिचय पत्र पाउँ भन्ने सम्बन्धमा ।

प्रस्तुत बिषयमा यस गाउँपालिकाको ज्येष्ठ नागरिक परिचय-पत्र वितरण निर्देशिका, २०७५ को बुंदा नं ६ बमोजिमको योग्यता पुगेकोले उक्त निर्देशिका अनुसारको परिचय पत्र पाउन निम्न विवरणका साथ अनुरोध गर्दछु ।

विवरणः

१ नाम थरः

२ स्थायी ठेगानाः

जिल्लाः इलाम गाउँपालिकाः माङसेबुङ वडा नः गाउँ/टोलः

३ जन्म मितिः

४ हालको उमेरः

५ सम्पर्क नः

६ लिङ्गः

७ वैवाहिक अवस्थाः

८ पति वा पत्नीको नामः

९ संरक्षकको नामः

१० नाताः

११ पेशाः

१२ शैक्षिक योग्यताः

१३ रक्त समुहः

१४ रोगको नाम र सेवक गरिरहेको औषधिको नामः

१५ अन्यः

निवेदकको:

दस्तखतः

नामः

ठेगानाः

अनुसुची ३

निर्देशिकाको बुंदा नं ८ (घ) संग सम्बन्धित

माङसेबुङ गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय इभाङ इलाम

जेष्ठ नागरिक परिचय पत्र वितरण रजिष्टर

| सि नं | परिचय पत्र नं | परिचय पत्र जारी मिति | नाम थर | ठेगाना | जन्म मिति | उमेर | लिङ्ग | पेशा | वैवाहिक अवस्था | शैक्षिक योग्यता | पति/पत्नीको नामथर | संरक्षक को नाम | नाता | फोटो | वितरण मिति | बुझिलिनेको दस्तखत | जारी गर्ने अधिकारीको दस्तखत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | |

प्रमाणिकरण मितिः २०७६।३।६